**Minute of**
**Discussion / Consultation meeting held to form a**
**Task Force to struggle against impunity**

**Programme date:** 24 August 2006
**Place:** FOHRID Office
**Location:** 196/14 Radhe Marga, Dillibazar, Kathmandu

**1. Summary of discussion proceeding:**
FOHRID presented a brief outline concept of the proposed Task Force (See Annex A) at the beginning of the programme. The participating stakeholders expressed their views (See Annex B) on the outline concept.

**2. Decision of the discussion:**
Following decisions were made by the discussion / consultation meeting:

**2.1 Regarding the Task Force formation:** Strong struggle against impunity should be forwarded immediately. Formation of a Task Force is necessary to organize and manage a wider campaign against impunity. An ad hoc Task Force involving following members has been formed to organize and forward this campaign:

**Core ad hoc Steering Committee of Task Force:**

| | | |
|---|---|---|
| 1. | Advocate Nutan Thapaliya, Ex-UN Committee Member on Economic, Social and Cultural Rights | Coordinator |
| 2. | Advocate Madhav Baskota, General Secretary, Nepal Bar Association | Member |
| 3. | Er. Shaligram Singh, Vice Chairman, Nepal Engineering Association | Member |
| 4. | Mr. Pradeep Pokharel, Chairman, HUDEP | Member |
| 5. | Advocate Bijaya Singh, South Asian for Human Rights ( SAHR) | Member |
| 6. | Advocate Rabindra Bhattarai, Chairman, AJHR Nepal | Member |
| 7. | Ms. Kamala Upreti, General Secretary Women Foundation | Member |
| 8. | Ms. Priyanka Budhathoki, Representative, NESAC | Member |
| 9. | Mr. Binod Bhattarai, HURFON | Member |
| 10. | Mr. Mukunda Rijal, Chairman, HURON, Kathmandu Branch | Member |
| 11. | Advocate Raj Kumar Siwakoti Secretary General, FOHRID | Member Secretary |

**Members of the ad hoc Task Force:**
1. Dr. Sundar Mani Dikshit, EISOPED
2. Mr. Bhawani Prasad Kharel, HURFON
3. Mr. Mohan Kumar Karna, Advocacy Forum
4. Mr. Devendra Pathak, HURON
5. Ms. Anjana Adhikari, Women Foundation
6. Mr. Jaya Ram Gautam, Women Foundation
7. Advocate Sanu Suwal, LRAF
8. Mr. Purushottam Nepal, NARC
9. Mr. Arjun Kumar Pathak, ENJUS
10. Mr. Krishna Prasad Sharma, AJAR Nepal
11. Mr. Tika Ram Pokharel, CVICT
12. Advocate Birendra Prasad Thapaliya, FOHRID

2.2 **Regarding immediate action:** The meting decided to take immediate action on the following issues to forward strong action against impunity:

- A pulic discussion programme should be orgnized to debate on the inability of the government to take action against the senior government officers (Chief Secretary, Chief of Army Staff).
- To organize a public rally and to submit a memorandum to the Prime Minister in this regard for creation of public pressure.
- To initiate a strong campaign as public litigation against the incidents of serious vilation of human rights including unlawful killings and disapprearance, especially the case of disappearance of 49 detainees from the Bhairabnath Barrack.

**3. Regarding focal point:** FOHRID will take the responsibility of the Focal Point and the Facilitator for this campaign.

Annex A

# दण्डहीनता विरुद्ध संघर्षका लागि कार्यदल

## Task Force to combat against Impunity

**(मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च फोरिडद्वारा छलफलका लागि तयार गरिएको, ८ भदौ, २०६३)**

### १. समस्याको मात्रा र सन्दर्भ विश्लेषण (Pattern of problem and context Analysis)

नेपालमा दण्डहीनता संस्कारका रुपमा विकसित भएको छ । दण्डहीनताको समस्याको मात्राका कयौं तह छन् । गम्भीर रुपमा मानवअधिकार उल्लंघन अपराधको पृष्ठभूमिमा दण्डहीनताको समस्या मौलाएको छ । संक्षेपमा दण्डहीनताको समस्या र यसको सन्दर्भलाई निम्न तिन आयामबाट विश्लेषण गरिएको छ-

**क) राजनीतिक सन्दर्भमा समस्याको मात्रा**

राणाकालदेखि पञ्चायतकालसम्म व्यापक मात्रामा दण्डहीनताको संस्कृति रहनु स्वाभाविक भएतापनि ०४६ सालको जनआन्दोलनपछि जननिर्वाचित सरकारहरुले कानुनको शासन र मानव अधिकारको प्रत्याभूति दिलाउन असफल रहे । सन् १९९० पछिका सरकारले राजनैतिक विचारधाराको आधारमा धेरै दण्डीत गरिनुपर्ने अपराधका दोषीहरुका मुद्दालाई फिर्ता लिए । प्रजातान्त्रिक सरकारहरुले अपराध र अपराधीलाई निरुत्साहित गरी स्वच्छ प्रजातान्त्रिक वातावरणमा कानुनको सर्वोच्चतालाई कार्यान्वयन गर्नुपर्दथ्यो । तर, राजनीतिक नेतृत्वले आपराधिक गतिविधिविरुद्ध संघर्ष गर्नुको सट्टा पैसा, बल र संगठित अपराधलाई राजनीतिमा प्रोत्साहित गरे । "राजनीतिको अपराधीकरण" नेपालमा मानव अधिकारको मुख्य मुद्दा बन्यो । राजनैतिक दलहरुले सत्तामा आफ्नो नियन्त्रण राख्न र अपराध लुकाउन अपराधीलाई राजनैतिक संरक्षण दिए । राजनीतिज्ञले सार्वजनिक स्रोतमाथि जनताको अधिकार उल्लघंन गर्दै सार्वजनिक कोषको दुरुपयोग गर्न पुगे । सत्ता संघर्षका कारण राजनीतिकदल, सुरक्षा अधिकारी र राजदरवारमा समेत दण्डहीनताले गहिरो प्रभाव पार्‍यो । २०४७ को फराकिलो संवैधानिक दायरा र प्रजातान्त्रिक सरकारहरुले सीमान्तकृत समुदायका समस्यालाई सम्बोधन गर्न सकेनन् । उच्चतहमा मानव अधिकारको प्रत्याभूतिका साथ समावेशी राज्य प्रकृयाले गति लिन सकेन । नागरिक सर्वोच्चताको प्रत्याभूति भएन । न त शक्ति पृथकीकरणको अवधारणा अनुसार राज्यका निकायहरु नै क्रियाशील भए ।

सन् १९९६ मा माओवादीले विद्यमान राजनीतिक संरचनालाई नष्ट गर्ने लक्षले जनयुद्धको घोषणा गर्‍यो । त्यसपछि सरकारी तथा माओवादी पक्षबाट गम्भीर रुपमा अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनको उल्लघंन गर्ने कार्य भयो । ०५८, जेठ १९ गतेको राजदरवार हत्याकाण्डसँगै नेपालमा दण्डहीनता र युद्ध अपराधले सशक्त मोड लियो । असोज १८, ०६० र माघ १९, ०६१ पछिका राजा ज्ञानेन्द्रका कदमको अन्तरवस्तु पनि यही थियो । यो अपराधोन्मुख राजाको अभिष्ट शान्ति, प्रजातन्त्र र मानव अधिकारको प्रखर वैरीका रुपमा प्रस्तुत भऐ । प्रजातान्त्रिक शक्ति, विचार र दर्शनलाई सीमान्तकृत गर्दै सरकारी भिजिलान्ते समूहको निर्माण र पूराना मण्डले गणको नवीकरण गरियो । अतन्तः जनआन्दोलन भाग-२ ले नयाँ राजनीतिक अध्यायको चरणमा हामीलाई प्रवेश गरायो । जनताको संगठित शक्तिका अगाडि राजाको शासकिय शैलीले घुँडा टेक्यो । राजनीतिक उतार-चढावको आडमा शाही सरकारले व्यापक रुपमा गैरकानुनी हत्या, यातना, वेपत्ता, वलात्कार जस्ता मानवता विरोधी अपराधहरु गर्न दण्डहीनताकासाथ सुरक्षा फौजलाई छुट दियो ।

**ख) कानुनका सन्दर्भमा समस्याको मात्रा**

कानुन कार्यान्वयनको अभावमा रहेको समस्याको मात्राले दण्डहीनतालाई उर्जा प्रदान गऱ्यो र विगतको संवैधानिक तथा कानुनी दायरा दण्डहीनताको मुद्दालाई सम्बोधन गर्न अपूर्ण थियो । कानुनी सर्वोच्चता र कानुनी दायराको अभावमा नै मल्लिक आयोगको प्रतिवेदनमाथि कारवाही चलाउन सकिएन र रायमाझी आयोग प्रतिवेदनको पनि यस्तै हविगत हुने प्रायः निश्चित छ ।

नेपाल राज्यको संविधान ०४७ र नेपालले अनुमोदन गरेका १९ वटा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनहरुले मानव अधिकारको प्रत्याभूतिका लागि वृहत् प्रतिवद्धता व्यक्त गरेको थियो । यद्यपि यी प्रत्याभूतिको कार्यान्वयन हुनसकेन । यसको मुख्य कारण दण्डहीनता हो । अर्कोतर्फ संविधानद्वारा प्रदत्त मौलिक अधिकार र नेपालले अनुमोदन गरेका मानवअधिकारका अन्तर्राष्ट्रिय दस्तावेजसँग बाझिने खालका धेरै कानुनहरु विद्यमान थिए । यस्तो अपूर्ण कानुनी दायराले फौजदारी न्याय प्रणालीका अङ्गलाई स्वेच्छाचारी बनायो । र यसैको आडमा सुरक्षा अधिकारीले मनोमानी बल प्रयोग गरे । सर्वोच्च अदालतले दिएका आदेशहरुलाई सुरक्षा निकायले नमानेका धेरै उदाहरण छन् । कानुनी दायराले नै नेपालमा मानव अधिकार उल्लघंन र दण्डहीनतालाई परोक्ष रुपमा टेवा पुऱ्याए । कानुन लागू गर्ने अधिकारी तथा निकायले पालना गर्नुपर्ने मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पालना गरेको पाइदैन । अधिकांश फौजदारी कानुनको संशोधन र विगत दश वर्षमा भएका मानवअधिकार उल्लघंन अपराधका दोषीलाई कार्वाही गर्नुपर्ने आवश्यकता हाम्रो सामु छ । यो दोहोरो आवश्यकतालाई पूरा गर्न अन्तर्राष्ट्रिय फौजदारी न्यायप्रणाली र नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय मानवीय कानुनको कानुनी दायरालाई इन्कार गर्न सकिँदैन । त्यसैले समग्र फौजदारी न्यायप्रणालीसँग सम्बन्धित कानुनहरुको सुधारको आवश्यकतालाई पूरा गर्न र मानवताविरुद्धको अपराध गर्ने दोषीहरुलाई कार्वाही चलाउन एक गैर सरकारी क्षेत्रको कार्यदलको आवश्यकता खड्किएको छ ।

**ग) विद्रोही सन्दर्भमा समस्याको मात्रा**

विद्रोही समूहलाई अंकुश लगाउन नसकेसम्म दण्डहीनताको समस्याको मात्रा राज्यमा विद्यमान रहन्छ । यसर्थ एक कार्यदल निर्माण गरी नियमित अनुगमन गर्न सकिएमा संभावित खतराहरुलाई रोक्न सकिन्छ । द्वन्द्व समाप्त भएपश्चात्को अवस्थामा राजनीतिक सम्झौतामा पुग्न सशस्त्र समूहको विघठन राजनीतिक प्राथमिकता बन्नेगर्छ । विद्रोही समुह र उनिहरुका सदस्यका विरुद्धमा आएका उजुरीहरुको उचित छानबिन नभएमा दण्डहीनताको वातावरण कायमै रहने खतरा हुन्छ । ज्यादती गर्ने अपराधीहरुले शक्ति वा प्रभाव जमाउने पद धारण गर्नसक्छन् र विशेषगरी कानुनको कार्यान्वयन निकायमा समाहित भएमा हतियार बोक्ने र बल प्रयोग गर्नसक्ने अनुमति प्राप्त गर्नसक्छन् ।

कार्यदल निर्माण गरियो भने यसले अपराधी विरुद्ध स्वदेशमा वा विदेशमा मुद्दा चलाउने सम्बन्धमा वकालत गर्न सक्छ । राज्य अनिच्छुक देखिएको अवस्थामा मानव अधिकार समुदायद्वारा राज्यलाई विश्वव्यापी क्षेत्राधिकारको प्रयोग गरी त्यस्ता अपराधीले शरण चाहेको देशमा बिना मृत्युदण्ड निष्पक्ष रुपमा मुद्दा चलाउन आह्वान गर्न सक्दछन् । यस्तो कार्यका लागि राज्यले कानुन र अनुसन्धान प्रक्रियाको स्थापना गर्नुपर्छ । अर्कोतर्फ, अपराध भएको राज्य अनिच्छुक वा असक्षम भएको अवस्थामा अपराधीलाई अदालतमा उभ्याउनका लागि विश्वव्यापी क्षेत्राधिकारको प्रयोग राज्यहरुबीच सहयोगको एउटा महत्वपूर्ण अंश हुन्छ । यस्तो अवस्थामा कार्यदलले सहजकारी भूमिका खेल्न सक्छ । अतः उल्लेखित समस्याको मात्रालाई निरोध गर्न दण्डहीनताको समस्या अन्त्य गर्नु पर्छ । दण्डहीनताको समस्यालाई उन्मुलन गर्न नसकेसम्म मानवअधिकारको संरक्षण र सम्बर्धन, कानुनी शासनको प्रत्याभूति र प्रजातन्त्रको संस्थागत विकास हुन नसक्ने प्रष्ट छ ।

उल्लेखित कारण र तत्थले गर्दा दण्डहीनता विरुद्ध गैर सरकारी क्षेत्रबाट दीर्घकालीन हस्तक्षेपका लागि एक स्थायी संयन्त्र “कार्यदल” निर्माण गरिनु पर्ने आवश्यकतालाई सबै क्षेत्रका साझेदारले स्वीकारेको स्थिति छ । र, यसै सन्दर्भमा यो कार्यदल निर्माण सम्बन्धी प्रस्ताव अघि सारिएको हो ।

## २. प्रस्तावित कार्यदलको संरचना

यो Task Force खुकुलो र स्थायी संरचनाको रुपमा रहने छ । यसमा सहभागिता र सदस्यताको सीमा रहनेछैन । यसको प्रभावकारिताका लागि निश्चित संख्यामा एउटा सञ्चालक समिति Steering Committee रहने छ । यस कार्यदलको नेतृत्व वरिष्ठ मानवअधिकारवादी वा नागरिक समाजका लब्धप्रतिष्ठित व्यक्तिद्वारा हुनेछ । यो औपचारिक रुपमा दर्ता हुने छैन । यसको सञ्चालनका लागि कार्यदलले निर्धारण गरेको सामान्य प्रक्रिया र सुझवुझबाट हुनेछ । यसले आ-आफ्ना नीतिहरु आफैं तय गरी सचिवालयलाई कार्यान्वयनको प्रवन्ध मिलाउन निर्देशन गर्नेछ ।

**३. सचिवालय**
यस कार्यदलको प्रभावकारिताका लागि स्थायी सचिवालय वा Focal Point तोकिने छ ।

**४. कार्यदलको क्षेत्राधिकार**
यस कार्यदलले दण्डहीनता विरुद्ध कार्य गर्नेछ । पीडितहरुको आधिकार रक्षाका लागि आवाज उठाउने छ । अन्य कार्यहरु का सन्दर्भमा आवश्यकाता अनुसार कार्यदले क्षेत्राधिकार निर्धारण गर्दै कार्य गर्नेछ ।

**५. कार्यदलले गर्ने काम-**
- पीडित न्यायका लागि वकालत
- दण्डहीनता उन्मुलनका लागि कानुनी तथा फौजदारी न्याय प्रणालीमा सुधार
- मानवअधिकार संरक्षण र संवर्द्धनका साथै दण्डहीनता विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा वकालत र लविङ्

**६. कार्यदल सञ्चालनका लागि कोषको व्यवस्था**
यस कार्यदल सञ्चालनका लागि एउटा छुट्टै कोष खडा गर्न सकिनेछ । त्यस्तो कोषका लागि कार्यदलमा आवद्ध हुने संघ-संस्था तथा  व्यक्तिबाट स्वेच्छिक रुपमा प्रदान गरिएको रकम आदि कार्यदल कोषका श्रोत हुन सक्छन् ।

Annex B

## छलफलमा सहभागिहरुद्वारा व्यक्त विचार (Task force meeting on 2063/5/8(24August,2006)

### जयराम गौतम, प्रतिनिधि ,महिला आधारशिला
प्रजातन्त्र, लोकतन्त्र, राज्यको पुनर्संरचना लगायतका आमुल परिवर्तन गर्ने सन्दर्भमा नागरिक समाजका तर्फबाट विभिन्न संघ-संस्था र अभियानहरु बनेका छन् । दण्डहीनताको विरुद्धको कार्यदल बनाउँदा तिनीहरुकै प्रतिरुप (Duplication) हुने सम्भावना त हुँदैन ? सोचेर अगाडि बढौं । दण्डहीनता विरुद्धको अभियानमा संगठनात्मक रुपमा एकजुट भई अगाडि बढ्नुपर्छ । यसको प्रस्ताव फोरिडले गरेको छ । यो निकै सराहनीय छ ।

### डा. सुन्दरमणि दिक्षित, अध्यक्ष, शान्ति र विकासका लागि नागरिक अभियान
दण्डहीनता विरुद्धको संघर्ष गर्न संरचनागत रुपमा अगाडि बढ्दा, संयन्त्र बनाउँदा  कसैले Duplication भयो भनेर आरोप लगाउँछ भने त्यो सरासर गलत हुन्छ । Duplication को रुपमा जानु पनि हुन्न । दण्डहीनता जस्तो गम्भीर विषयमा लडाइँ लड्न कसैले आरोप लगाउँदैमा खुट्टा कमाउनु हुन्न । हामीले यस विषयमा जति दृढरुपमा छिटो अगाडि बढ्ने संकल्प गर्दछौं । कार्यान्वयनलाई विशेष जोड दिन्छौं, त्यति नै रुपमा हाम्रो हैसियतको उचाई बढ्दै जान्छ । त्यसका लागि संस्थागत रुपमा संयन्त्र बनाइ अगाडि बढ्न नितान्त जरुरी छ । यसमा काम गर्नेहरुले जतिसक्दो छिटो कार्यक्रम बनाई अगाडि बढ्नु पर्ने भएको छ । यसका लागि सात दिनभित्र वर्तमान प्रधान न्यायाधिश प्रधान सेनापति तत्कालीन शाही सरकारका मुख्य सचिवलाई सरकारले किन कार्वाही गर्न सकेन, वरु ससम्मानरुपमा चलखेल गर्न स्वतन्त्र वातावरण दिइरहेको छ । यस्तो नाजायज कार्यका  विरुद्ध एकजुट भई सार्वजनिक सुनुवाई कार्यक्रमबाट सरकारलाई दवाव दिनु पर्दछ । परिवर्तित सरकारले जनआन्दोलनको भावना, मर्म र चाहना विपरीत गएर दण्डहीनतालाई झन प्रश्रय दिइरहेको छ । यसबाट संपूर्ण जनताहरु चिडिएका छन् । संसद र सरकारले जनइच्छाको भावनालाई टालटुल गर्ने बाहेक महत्वपूर्ण दूरगामी कदम लिन सकेको छैन । वर्तमान प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेत दण्डहीनताबाट चोखो रहेका छैनन् । उनी विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमार्फत चलाइएको मुद्दा कहाँ र कसरी कुन अवस्थामा थन्किएको छ । सात दलहरुले Perfect  Democracy  बनाउनु पर्नेमा So called Democracy का रुपमा मात्र परिवर्तन गरे । किन ? यसो हुँदै जाने हो भने दण्डहीनताले पराकाष्ट रुप लिन्छ ।

जनआन्दोलन भाग २ बाट पुर्नस्थापित संसदले गरेका विभिन्न घोषणा, निर्णयहरुमाथिको वैधानिकताको प्रश्न सर्वोच्च अदालतले परीक्षण गर्ने निर्णय गरेको छ । यसले आम नेपाली जनताहरुको वलिदानीपूर्ण संघर्षबाट आशा गरिएका आमुल परिवर्तनका संभावनाहरुको संस्थागत

विकासमा ठूलो अवरोध सिर्जना गर्न लागेको देखिन्छ । प्रतिगमनको गन्धको आभास यसले पुष्टी गर्दछ । सर्वोच्च अदालतमा पदासिन प्रधानन्यायाधिश माथि नै प्रश्न गर्नु पर्दछ । संसदको अधिनमा न्यायाधिशहरुको नियुक्ति र वर्खास्तीको कुरा आउँदा न्यायलय र न्यायाधिशमाथि कसैले पनि अंकुश लगाउन, प्रश्न गर्न र निर्णय गर्न पाउँदैन भन्दै भाषण गर्दै प्रधान न्यायाधिश हिँड्दैछन् । यस्ता व्यक्तिहरुलाई सरकारले किन तत्काल Action लिन सक्दैन ? सरकार र संसदबाट जनताहरुको आशा पूरा हुन सक्ने अवस्था छैन । दण्डहीनताको विषय झन गम्भीर भएकाले यसका विरुद्धमा खुट्टा नकमाई अगाडि बढ्न सकिएमा परिणाम सकारात्मक आउन सक्दछ । म काममा विश्वास गर्छु, भाषण र मिटिङमा मात्र विश्वास गर्दिनँ । कार्यान्वयन पक्ष ससक्त हुनुपर्छ । सात दिनभित्र वार एसोसिएशनको हलमा प्रधानन्यायाधिश, प्रधान सेनापति र शाही सरकारका मुख्य सचिव लोकमानसिंह कार्कीलाई कार्वाही गर्न सरकारलाई प्रेसर दिनका लागि कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसका लागि हामी संपूर्णको सहयोग र सहमति छ । यस विषयमा बोल्दा जेलजान परेपनि म तयार छु । अन्त्यमा म एउटा Intellectual कुरा भन्दछु, त्यो के भने संसद र सरकार सकारात्मक दिशामा हिँडेको भए अक्टुवर क्रान्ति भइसक्ने थियो । तर रोकियो अव के गर्ने ? सोच्ने बेला आएको छ ।

**अधिवक्ता विजय सिंह**

नेपालमा दण्डहीनता बढ्नुमा राजनीतिक कारणमात्र नभई कानुनी संरचनाको पनि ठूलो हात रहेको छ । हामी कानुनमा विश्वास गर्ने व्यक्ति भएकाले मूलतः दण्डहीनताको विषय कानुनी आधारमा केलाउनु पर्ने हुन्छ । नेपालमा घरेलु स्तरमा दण्डहीनता विरुद्धको ससक्त कानुनको अभाव रहेको छ । कानुनको अभावका कारण सरकार मौन बसेको हुनसक्छ । कानुन भए सरकारलाई न्यायिक प्रक्रियाबाट दवाव दिन सकिन्थ्यो ।अब कानुनको अभाव रहेको अवस्थामा नागरिकको तर्फबाटकानुन निर्माण गरी ऐन बनाउन सरकारलाई दवाव दिनुपर्दछ । कानुन बनी सकेको भए कानुनका माध्यमबाट जनतालाई सेन्सिटाइज गर्न सजिलो हुन्थ्यो । अदालती प्रक्रियाबाट लडाईं लड्न बाटो खुल्थ्यो । यसर्थ अब दण्डहीनता विरुद्धको सामुहिक अभ्यासका लागि एकतावद्ध भएर कार्यदल निर्माण गरी अघि बढ्न जरुरी छ । यस कार्यमा फोरिडले सक्रिय भूमिका खेलोस् । आम जनतालाई हामीले सेन्सिटाइज गरी अगाडि बढ्ने प्रण गरौं ।

**भवानीप्रसाद खरेल, महासचिव, राष्ट्रिय मानवअधिकार प्रतिष्ठान**

दण्डहीनतालगायत तमाम विषयहरुमा सरकार, दल जिम्मेवार छैनन् । माओवादी पनि जिम्मेवार छैन । जनताका पक्षमा मौन रहेकाछन् । संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले भैरवनाथ गण महाराजगञ्जमा पारिएको वेपत्ता सम्बन्धी रिपोर्ट गलत छ ।४९जना वेपत्ताबनाइएको भनिएकोमा केही व्यक्तिहरु हाल फेला परिसकेका छन्। यसमा संसोधन गरिएको छैन । यो कार्यलय पनि जिम्मेवार छैन । माओवादी आज पनि उग्ररुपमा प्रस्तुत भएको वर्दिया ( शुसिल ज्ञावाली) को विभत्स हत्याबाट प्रष्ट हुन्छ । यी सव कुराबाट दण्डहीनता बढेको पुष्टि हुन्छ । अब त शसक्त क्रान्तिको आवश्यकता भई सकेको छ । तसर्थ दण्डहीनता विरुद्धमा सक्रिय संघर्ष गर्न एउटा कमिटी बनाउनु जरुरी छ । वरिष्ठ मानवअधिकारवादी नूतन थपलियाको संयोजकत्वमा एउटा अस्थायी कार्यदल बनाऊँ । फोरिडले सेक्रेटरियट भएर काम गरोस् । हामी साथ दिन्छौं ।

**विनोद भट्टराई, कलाकार एवं अध्यक्ष, राष्ट्रिय मानवअधिकार प्रतिष्ठान, काठमाण्डौं शाखा**

संसदबाट भएका घोषणाहरुलाई सर्वोच्च अदालतबाट परिक्षण गर्ने निर्णय सर्वोच्च अदालतबाट भएको छ । यसबाट प्रतिगमनले फेरि पनि टाउको उठाउने तरखरमा देखिन्छ । अदालत प्रतिगमनको गोटी बन्ने तरखरमा छ । यस्तो अवस्थामा दण्डहीनताको विषय झन महत्वपूर्ण हुन्छ । हामी संगठित भई कार्य गर्नु पर्ने हुन्छ । माओवादीले चन्दा संकलन र व्यक्ति हत्या गर्न छोडेका छैनन् । पार्टी जवाफदेही छैन । यस्ता कुरालाई विश्लेषण गरी अगाडि बढ्नुपर्छ । एकजुट भएर लागे पछि परिणाम सकारात्मक आउँछ । यो समय reform को वेला छ । यसको ज्यादै महत्व छ ।

दण्डहीनताको लडाईं आज मात्र नभई भोलीका दिनमा झन ठूलो आवश्यकता रहन्छ । हामी मुख्यतः खवरदारी गरौं । प्रतिगमनको चलखेल छ ।

**अधिवक्ता सानु सुवाल**

दण्डहीनता विरोधी कार्य संचालन कठिन छ तर महान छ । सरकार दण्डहीनता विरोधी निर्णय दिन सक्षम छैन ।  सरकारी संयन्त्र कमजोर भएको छ । सरकारी निर्णय २४ घण्टासम्म नटिक्ने अवस्था वद्यमान छ । यस्तो कमजोर सरकारले दण्डहीनताविरुद्धमा निर्णायक भूमिका खेल्ला भन्ने सोच राख्नु हुट्टिट्याऊले सगर थाम्छ भनेझैं हुन्छ । यस्तो अवस्थामा कार्यदल बनाइ अगाडि बढ्ने कुरा समसामयिक छ । संगठित भएर सडकबाट आवाज उठाउनुपर्छ । ढीलै भए पनि परिणाम सकारात्मक आउँछ । तर संगठित हुन जरुरी छ ।

**मुकुन्द अर्याल,सभापति ,HURON, काठमाण्डौं शाखा**

मुक्तिनाथ अधिकारीको हत्यमा माओवादी जिम्मेवार छन् । उनीहरुले जवाफ दिनु पर्दछ । राज्यको तर्फबाट पनि सयौं मानिसहरु वेपत्ता बनाइएको छ । हजारौं हजार मानिसहरु सशस्त्र द्वन्दका पक्षहरुबाट हत्या गरिएको छ । यस्ता हत्या र वेपत्ता वा घटनाहरुको दोषीलाई कार्वाही गराउनु पर्दछ । तसर्थ पनि कार्यदलको जरुरी छ ।

**प्रियङ्का बुढाथोकी, NESAC**

आज पनि माओवादी पक्षले ग्रामीण भेगलगायत देशका विभिन्न भागमा मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गर्ने गरिरहेका छन् । तिनीहरुले दण्डमुक्तिपाइरहेका छन् ।त्यस्ता दण्डहीनता  कार्यहरु रोक्न पनि कार्यदल बनाईं अघि बढ्नु पर्ने देखिन्छ । ढिलो गर्ने वेला छैन ।

**रविन्द्र भट्टराई** (**अध्यक्ष, अजर नेपाल**)

समस्या धेरै छन् - दण्डहीनताको समस्या जटिल भएको छ । अब अझ दण्डहीनता झाँगिदै जाने हो भने अव भिषण द्वन्दमा नेपाल जाँदै छ । संसद र सरकारबाट धेरै आशावादी हुन सकिन्न । Political Solution सँगै दण्डहीनताविरुद्धमा  पनि Commitment गर्नु पर्दछ ।

**शालिकराम सिंह, नेपाल इन्जिनियर एसोसिएसन**

यस दण्डहीनता विरुद्धको कार्यमा  संयुक्त रुपमा जानुपर्दछ । पापडले सहयोग गर्दछ । माओवादी र सरकारभित्र अहमता छ । तसर्थ नागरिक समाज एकजुट भई अगाडि बढ्नु पर्दछ । फोरिडले नेतृत्व गरोस् । कार्यदल बनाऊ । एक भइ अघि बढौं ।

**टीकाराम गुरगाईं, सिभिक्ट**

आज वैचारिक प्रतिद्वन्दीका आधारमा एकले अर्कोलाई सिध्याउने कार्य भइरहेको छ । सफाया गर्ने, लुटपात र गुण्डागर्दी गर्दै पार्टीहरु, माओवादी तथा प्रतिगमन लागेका छन् । यसबाट दण्डहीनतामा तिव्रता भएको छ । यसका लागि संघर्ष गर्न पनि कार्यदल जरुरी छ । दण्डहीनता विरुद्ध एक हौं । कार्यदल बनाऔं ।

**नूतन थपलिया ,सभापति ,फोरिड**

जनआन्दोलन भाग २ पछि हामी झन ससक्त हुनु पर्ने बेला आएको छ । लोकतन्त्र आयो भनेर चित्त बुझाउने ठाउँ छैन । सरकार Pro-People भएन, माओवादी Anti - People को रुपमा विकसित भइरहेका छन् । अब नागरिक समाजले के गर्ने भन्ने विषय तय गर्नु परेको छ । हामी नागरिक समाजका व्यक्तिहरुले वृहत् विषय भन्दा Particular र Specific भएर अगाडि बढ्दा प्रभावकारी हुन्छ । तसर्थ दण्डहीनताको विषयमा केन्द्रित रही अझ अगाडि ससक्त रुपमा बढ्दा परिणाममुखी

हुनसक्छ । त्यसका लागि एउटा अस्थायी समिति बनाऔं । त्यसबाट सानो चुस्त, दुरुस्त Adhoc committee बनाऔं । यसमा सबै नागरिक समाजका व्यक्तित्वहरुलाई समेटेर अगाडि बढ्न सकौं ।

****